# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, भदौ १६ गते, २०७९ साल (अतिरिक्ताङ्क १६

## भाग ३

### प्रदेश सरकार

### महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०५।१६ को निर्णयानुसार "तिला जनयुद्ध संग्रहालय विकास समिति (गठन)(पहिलो संशोधन) आदेश, २०७९" सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**१. मूल आदेशको दफा १ मा संशोधनः मूल आदेशको दफा १ को उपदफा** (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

*“(१) यस आदेशको नाम "तिला जनयुद्ध संग्रहालय विकास समिति (गठन)(पहिलो संशोधन) आदेश, २०७९" रहेको छ ।”*

**२. मूल आदेशको दफा ३ मा संशोधनः** मूल आदेशको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

*“(१) रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिका तिला स्थित जनमुक्ती सेनाको क्यानटोनमेण्ट बसेको स्थानमा रहेका संरचना र युद्धकालीन सामग्रीहरु रहने गरी स्थापना गरिने संग्रहालयको संरक्षण तथा विकासको लागि तिला जनयुद्ध संग्रहालय विकास समिति नामको देहाय बमोजिमको समिति गठन गरिएको छ ।*

*(क) जिल्ला समन्वय समिति रोल्पाका प्रमुख - अध्यक्ष*

*(ख) त्रिवेणी गाउँपालिका अध्यक्ष - सदस्य*

*(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय रोल्पा - सदस्य*

*(घ) शाखा प्रमुख (संस्कृति हेर्ने) मन्त्रालय - सदस्य*

*(ङ) वडा अध्यक्ष, संग्रहालय रहेको वडा, त्रिवेणी गाउँपालिका, रोल्पा - सदस्य*

*(च) इतिहास, समाजशास्त्र, संस्कृति, संग्रहालय वा पुरातत्त्वका क्षेत्रमा काम गर्ने समाजसेवी मध्येबाट प्रदेश सरकारद्वारा मनोनीत एक जना - सदस्य*

*(छ) स्थानीय समाजसेवीहरु मध्येबाट प्रदेश सरकारद्वारा मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य*

*(ज) कार्यकारी निर्देशक - सदस्य सचिव”*

**आज्ञाले,**

**दिपक राज नेपाल**

**सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय